# विपदको समयमा बालबालिकाको संरक्षणका लागि अनुरोध

**आदरणीय अभिभावकज्यूहरू,**
**नमस्कार,**

२०७२ बैशाख १२ गते गएको विनाशकारी भूकम्प तथा त्यसपछि निरन्तर रूपमा गएका पराकम्पहरूका कारण २०७२ साउन ५ गतेसम्म ६,०२,२५७ घर पूर्णरूपमा र २,८५,०९९ घर आंशिक रूपमा क्षति भएका छन् । ८,८९८ मानिसको ज्यान गएको छ । २२,३०९ मानिस घाइते भई अस्पतालमा उपचार गराइरहेका छन् । अहिलेको अवस्थामा २८ लाख मानिसलाई मानवीय सहायताको आवश्यकता छ जसमा बालबालिकालाई विशेष ध्यान दिनु अति आवश्यक छ ।

अहिले भूकम्पका कारण धेरै बालबालिकाले आफ्नो घर, बाबुआमा तथा आफन्त गुमाएका छन् । यस्तो अवस्थामा बालबालिकामाथि हिंसा तथा दुर्व्यवहार हुने, बालबालिकाको ओसारपसार हुने, बालबालिकालाई मिठो खान दिने र सुरक्षित स्थानमा राख्ने बहानामा उनीहरूको श्रमशोषण हुने, विपदको मौका छोपी बालिकाहरू बलात्कार गर्ने अपराधिक मानसिकता बोकेकाहरू सक्रिय हुने, बालबालिकाको उचित पालनपोषण गर्ने र निःशुल्क शिक्षा दिने भन्दै आमाबुबालाई प्रलोभनमा पारी परिवारबाट बालबालिका अलग पार्ने कार्य हुने सम्भावना अत्याधिक रहन्छ ।

बालबालिका स्वभावैले आमाबुबा तथा परिवारका सदस्यहरूबाट माया र संरक्षण चाहन्छन् । विपदको समयमा त झन् उनीहरूलाई परिवारको विशेष हेरचाह, माया, स्नेह र संरक्षणको आवश्यकता पर्दछ । त्यसैले हरेक आमाबुबा तथा अभिभावकले विपदको समयमा आफ्ना छोराछोरी/बालबालिकाको संरक्षणका लागि निम्न कुराहरूमा विशेष ध्यान दिनु पर्दछ ।

- विपदको बेला बालबालिकालाई सामान्य समयको भन्दा बढी माया, ममता र संरक्षण आवश्यकता पर्दछ । यस्तो अवस्थामा घर परिवार, विद्यालय तथा समुदायमा बालबालिकाको संरक्षणमा सचेत हुनु पर्दछ ।
- भूकम्पले धेरैजसो परिवार घरविहीन भई पाल तथा जस्ताको टहरामा बस्नुपर्ने बाध्यात्मक अवस्था सृजना भएको छ । यस्तो अवस्थामा बालबालिकालाई हाम्रो घर छैन भन्ने कुराले मानसिक रूपमा आघात परिरहेको हुन सक्दछ । त्यसैले उनीहरूलाई परिवारको साथमा नै राखेर सान्त्वना दिनु पर्दछ ।
- विपदको समयमा बालबालिकाको ओसारपसार, बेचबिखन, श्रमशोषण, यौन शोषण/दुर्व्यवहार, शारीरिक तथा मानसिक दुर्व्यवहार हुन सक्दछ । यसप्रति अभिभावक तथा सरोकारवालाहरू सचेत भई बालबालिकालाई आफूमाथि यस्ता क्रियाकलाप भएमा वा हुन लागेमा वयस्कहरूलाई खबर गर्न, ठूलो स्वरले कराउन, हिँड्डुल गर्दा वयस्कहरूको साथमा हिँड्न सल्लाह दिनु पर्दछ ।
- बालबालिकाको त्रसित मानसिकता अनि परिवारले गाँस, बास र कपासको न्यूनतम सुविधा समेत गुमाएको अवस्थामा बालबालिकालाई सहयोग गर्ने तथा जोखिममुक्त गराउने बहानामा विभिन्न व्यक्ति तथा निकायहरूले सहयोगको झूठो आश्वासन पनि दिन सक्छन् । यस्ता

आश्वासनले बालबालिकालाई थप जोखिममा पार्ने, श्रम शोषणमा पार्न सक्ने तथा बेचबिखन समेत हुन सक्दछ । त्यसैले यस्ता कुरामा आमाबुबा तथा परिवारका सदस्यहरू विशेष सचेत हुनु पर्दछ ।

- बालबालिका आफ्ना आमाबुबा तथा परिवारसँगै बस्दा जति सुरक्षित रहन्छन्, बाहिर गएपछि उनीहरू सुरक्षित नै रहन्छन् भन्ने कुरा निश्चित गर्न सकिदैन । त्यसैले **अरूको लाख आमाबुबाको काख** भन्ने नेपाली उखान झैं बालबालिकालाई परिवारमा नै बस्ने वातावरण बनाऔं ।

**के तपाईंले थाहा पाउनु भएको छ ?**

- भूकम्प पश्चात् घर भत्किएर बिचल्लीमा रहेका आमाबुबालाई भेट्न सिन्धुपाल्चोक हिँडेकी १५ बर्षीया एक बालिकालाई पनौतीको जंगलमा लगेर सामूहिक बलात्कार भयो ।
- नयाँ बजार काठमाडौंमा टेन्टभित्र सुतिरहेकी ५ वर्षीया बालिकाको बलात्कार भयो ।
- भूकम्प पछि राहत बाँड्ने बहानामा अस्थायी शिविर पुगेका दलालले सिन्धुपाल्चोक र नुवाकोट जिल्लाका १५ जना किशोरीहरूलाई भारतका विभिन्न कोठीमा बिक्री गरिएको अवस्थामा फेलापारी उद्धार गरिएको छ । (नागरिक दैनिक जेष्ठ, २८)
- बालबालिकाको तस्करी प्रयास शिर्षकमा जेष्ठ १० गतेको नागरिक दैनिकमा दोलखाबाट भारत लैजान लागेका १९ जना बालबालिकाको उद्धार गरिएको समाचार आएको छ ।

साथै, भूकम्प पश्चात् प्रभावित जिल्लाहरूबाट गुणस्तरीय शिक्षा दिने, संरक्षित वातावरणमा पालनपोषण गर्ने, सीप तथा रोजगारीको अवसर दिने बहानामा बालबालिकाको ओसापसार तिव्र रूपमा भइरहेका छन्। यसै क्रममा गोर्खा, धादिङ, नुवाकोट, दोलखा, सिन्धुपाल्चोक, रामेछाप, काभ्रेबाट स्थानीय निकायको अनुमतिबिना काठमाडौं लगिँदै गरेका २४५ जना भन्दा बढी बालबालिकाको उद्दार गरी परिवारको जिम्मा लगाइएको छ ।

**त्यसैले,**
**हाम्रा बालबालिकाको संरक्षणको लागि सचेत बनौं ।**

**यदि कुनैपनि अपरिचित मानिस गाउँका बालबालिका र परिवारसँग नजिक हुँदैछन्, र उनीहरूको व्यवहार शंकास्पद छ भने गाउँ बाल संरक्षण समिति/जिल्ला बाल कल्याण समिति/महिला तथा बालबालिका कार्यालय/नजिकको प्रहरी कार्यालयमा जानकारी गराउनुहोस् वा केन्द्रीय बाल कल्याण समितिको पैसा नलाग्ने फोन १०९८/बालबालिका खोजतलास केन्द्रको पैसा नलाग्ने फोन नं. १०४/नेपाल प्रहरीको पैसा नलाग्ने फोन नं. १०० मा सम्पर्क गर्नुहोस् ।**

**तपाईंको सानो सजगताले ठूलो जोखिम टर्न सक्छ ।**

जिल्ला बाल कल्याण समिति, काभ्रे

CWISH
सिविस

Save the Children
सेभ द चिल्ड्रेन

**थप जानकारीका लागिः** ०११ ४९०८९४, ०१४७८४५४५, **इमेल** : info@cwish.org.np **वेबः** www.cwish.org.np